फोन नं.: ०२४-४१००४८
(अध्यक्ष ०२४-४१००४९

# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मेदिबुङ थर्पु, पाँचथर
प्रदेश नं. १ नेपाल

प.सं.: २०७७/७८
च.नं. १६६

मिति : २०७७/०४/३०

**विषय :-** कवर्डहल निर्माणका लागि निशुल्क जग्गा उपलव्ध गराउने वारेको सुचना

सम्वन्धित सवै ।
याङवरक गाउँपालिका पाँचथर

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको मिति २०७७।४।२९ गतेको निर्णय अनुसार गाउँपालिका भित्र खेलकुद विकासका लागि मल्टिप्रपोज कवर्डहल निर्माण गर्न जग्गा आवश्यक परेको हुनाले देहाय अनुसार मापदण्ड भएका जग्गा धनिहरुले दानपत्रको रुपमा याङवरक गाउँपालिकाको नाममा निशुल्क जग्गा प्रदान गर्न इच्छुक जग्गादाताहरुवाट यो सुचना प्रकाशन भएको मितिले १ महिना भित्र लिखित प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ ।

तपसील
१ जग्गाको क्षेत्रफल कम्तिमा ५ रोपनी हुनुपर्नेछ ।
२ जग्गा याङवरक गाउँपालिका वडा नं. ६ को गणेशचोक देखि वडा नं. ५ को दारिम्वा सम्मको मध्यपहाडी लोकमार्गको दायाँवायाँ वढिमा २०० मीटर भित्र मुख्य वा शाखा सडकले अनिवार्य छोएको हुनुपर्नेछ ।
३ एउटै प्लट पर्ने गरी एक वा सो भन्दा वढि जग्गादाता भएका संयुक्त रुपमा निवेदन दिन सकिनेछ ।
४ निवेदनका साथ जग्गा धनिपुर्जा प्रमाणपत्र प्रतिलिपी, नागरिकताको प्रमाणपत्र प्रतिलिपि, जग्गा उपलव्ध गराउन चाहेको प्रतिवद्धता पत्र, अंशियार वा हकवाला भएमा सहमति पत्र, जग्गाको नक्सा र तिरो तिरेको रसिद सँलग्न हुनुपर्नेछ ।
५पेश भएका प्रस्तावहरु मध्ये मोहोडा चौकोश मिलेको, मध्यपहाडि लोकमार्गको नजिक साथै वजारक्षेत्रको आसपासमा प्राप्त भएको जग्गालाई प्राथमिकता दिई याङवरक गाउँ कार्यपालिकाले छनौट गर्नेछ ।

०७७।४।३०
रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत

रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत